अर्घाखाँची जिल्लाको सन्धिखर्कमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक कुखुरा पालन तालिम सम्पन्न




निर्धन उत्थान लघुवित्त वित्तिय संस्था लिमिटेड शाखा कार्यालय सन्धिखर्क अर्घाखाँचीको आयोजनामा मिति २०७६ साल भाद्र २६ देखी २८ गतेसम्म ३ दिने व्यवसायिक कुखुरापालन तालिम सम्पन्न भएको छ । सन्धिखर्कको होटल साथी प्रा. लि मा संचालन भएको कार्यक्रमको सन्धिखर्क नगरपालिकाका उपमेयर श्री ठाकुर कुमार बिक “किशोर” ले उदघाट्न गर्नुभएको थियो ।

निर्धन उत्थान लघुवित्त वित्तिय संस्था शाखा कार्यालय सन्धिखर्कका शाखा प्रमुख श्री शंकर कान्त न्यौपानेको अध्यक्षतामा शुरु भएको कार्यक्रममा पत्रकार महासंघ अर्घाखाँची जिल्ला उपाध्यक्ष श्री गणेश खनाल, सन्धिखर्क नगरपालिका वार्ड नं. १ का वडाध्याक्ष श्री युवराज बन्जाडे, निर्धन उत्थान लघुबित्त बित्तिय संस्था क्षेत्रिय कार्यालय भैरहवाका कार्यक्रम अधिकृत श्री प्रेम प्रसाद सुबेदी, बाहिरी विशेषज्ञ प्रशिक्षकद्धय, निर्धन उत्थान शाखा कार्यालय सन्धिखर्कका कर्मचारी ६ जना र बिभिन्न समुहबाट तालिममा सहभागी सदस्य तथा अभिभावक ३० जना गरि कुल ४३ जना को उपस्थिती रहेको थियो भने कार्यक्रमको संचालन शाखा कार्यालयका कर्मचारी श्री प्रेमराज जोशीले गर्नुभएको थियो । शाखा कार्यालय सन्धिखर्कका कर्मचारी श्री चन्द्रबदन मिश्रले कार्यक्रममा स्वागत मन्तब्य दिनु भएको थियो ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

निर्धन उत्थान लघुबित्त बित्तिय संस्था क्षेत्रिय कार्यालय भैरहवाका कार्यक्रम अधिकृत श्री प्रेम प्रसाद सुबेदीले संस्थाको २०४९ साल देखीको यो यात्रामा देशका ७७ जिल्लामा रहेको १८१ वटा शाखा कार्यालयमा हाल ३,५८,६०१ जना सदस्य आवद्ध रहेका, १९ अर्ब भन्दा बढी कर्जा लगानीमा रहेको, ११ अर्ब भन्दा बढी बचत तथा निक्षेप रहेको र ग्राहकको माग बढी रहेको सन्दर्भमा नपुग पुंजिको स्रोत परिपुर्ति गर्न बिभिन्न बाणिज्य बैंकहरुबाट सापटि लिएर ग्राहकको आवश्यकता पुरा गर्दै आएको बताउनु भयो । ग्राहकहरुको क्षमता बृद्धी गर्न कर्जा बचत कार्यक्रम मात्रै संचालन गरेर नहुने हुंदा संस्थाले समय समयमा सदस्यहरुलाई शिप बिकाश तालिमहरु समेत दिंदै आएको बताउंदै यस तालिममा आउनुभएका सहभागीहरुलाई तालिम उपलब्धीमुलक बनाउन र तालिम पश्चात आफ्नो क्षमता अभिबृद्धी गर्दै उत्पादन बढाउनुहुन अनुरोध गर्नु भयो ।

पत्रकार महासंघ अर्घाखाँचीका उपाध्यक्ष श्री गणेश खनालले सहभागीहरुलाई कर्जाको सहि सदुपयोग गर्न र तालिम पश्चात ब्यवसाय बृद्धी गर्ने गरि कार्यक्रमको सफलताको शुभकामना ब्यक्त गर्नु भयो ।

वडा नं. १ का वडाध्यक्ष युवराज बन्जाडेले यस संस्थाको कार्यक्रम कर्जा बचत मात्रै नभएर बीमा र ब्यवसायिक तालिम पनि रहेको जानकारी पाउंदा साह्रैनै खुसी लागेको र सहभागीहरुले तालिममा सिकेको कुरा ब्यवहारमा उतारेमा मात्रै तालिमको सार्थकता हुने बताउनुभयो ।



Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

कार्यक्रमका प्रमुख अतिथी श्री ठाकुर कुमार बिक ज्युले  अर्घाखाँची जिल्लाका ३ वटा स्थानिय निकायमा यस संस्थाको कार्यक्रम रहेको जानकारी भएकाले यस जिल्लाका सबै स्थानिय निकायमा कार्यक्रम बिस्तार आग्रह गर्नुभयो । संस्थाले यस किसिमको तालिम आयोजना गर्नु आफैमा सच्याहनिय कार्य भएकोले आउदा दिनमा नगरपालिकासंग समन्वय गरि कार्यक्रम आयोजना गरेमा नगरपालिकाले समेत बित्तिय तथा गैर बित्तिय सहयोग प्रदान गरि कार्यक्रम पश्चात नियमित अनुगमन गर्ने बताउनुभयो । ग्राहक सदस्यले क्षमता अनुसार कर्जा लिने र कर्जालाई उत्पादन मुलक क्षेत्रमा लगानी बढाउन आग्रह गर्दै कार्यक्रमको सफलताको कामना गर्नु भयो ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका शाखा प्रमुख श्री शंकर कान्त न्यौपानेले सबै अतिथि तथा बिशिष्ट अतिथिलाई धन्यवाद दिंदै तालिम भब्य रुपमा सफल पार्न सम्पुर्ण सहभागीहरुलाई आग्रह गर्दै तालिमलाई उपलब्धीमुलक बनाउन आग्रह गर्नुभयो ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.